भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ४८६६

मिति: २०७७/१/२

श्री अध्यक्षज्यू,
.....................................टोल विकास संस्था,
वडा नम्बर:.....
भरतपुर महानगरपालिका, चितवन ।

**विषय: आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा ।**

सर्वप्रथम यहाँ तथा समस्त टोलवासीलाई नव वर्ष २०७७ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अहिले विश्व परिवेशमा कोरोना भाइरसले सिर्जना गरेको संकटले मानवजातिलाई अप्ठ्यारो अवस्थामा ल्याएको छ । नेपाल पनि यस संकटबाट अछुतो छैन । हाल संघीय सरकारले यसको रोकथामका लागि गरेको लकडाउनको पालना गर्ने क्रममा विभिन्न विपन्न वर्गमा जीवनयापनमा कठिनाई पैदा भएको छ । भरतपुर महानगरमा रहेका विपन्न तथा दैनिक जीवनयापन गर्न मुश्किलमा परेका व्यक्ति तथा परिवारलाई महानगरले राहत वितरण कार्य थालनी गरेको र यस कार्यमा त्यहाँ टोल विकास संस्थाबाट प्राप्त भएको सहयोगका लागि यहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अहिले महानगरले वितरण गरेको राहत सहयोगमा "पाउने नछुटोस्, नपाउनेले नपाओस्" भन्ने मान्यताअनुसार यहाँहरुले खेल्नुभएको भूमिका विशेष छ । आगामी दिनमा पनि त्यस संस्थाले टोलमा रहेका राहत अपेक्षी व्यक्तिहरुको यथार्थ विवरण संकलन तथा राहत वितरण कार्यमा सहयोग पुर्याउनुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

सबैको सहकार्य र समन्वयमा कोरोना भाइरसबाट सृजित यो संकट नियन्त्रण हुनेछ । यहांहरुले टोलअन्तर्गतका सम्पूर्ण वासिन्दाहरुलाई घरभित्र बस्न, नियमित हात धुन तथा लकडाउनको प्रभावकारी कार्यान्वयनमा सरकारी संयन्त्रलाई सहयोग गर्नुहुने भन्ने विश्वाससमेत लिएको छु ।

धन्यवाद ।

रेनु दाहाल
प्रमुख

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

Scanned by CamScanner